नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानवस्रोत विकास केन्द्र

अनौपचारिक तथा वैकल्पिक शिक्षा शाखा

सानोठिमी, भक्तपुर


०१ – ६६३४१७८

www.cehrd.gov.np

section.nonformal@gmail.com


प. स.०७८/०७९

च. नं.५९

मितिः२०७८।०८।१०

विषयः साक्षर नेपाल अभियान अन्तर्गत स्थानीय तहका लागि साझेदारीमा आधारित प्रोत्साहन अनुदान कार्यक्रमका लागि प्रस्तावना पेश गर्ने सम्वन्धी सुचना ।

आ.व. २०७८।०७९ को वार्षिक कार्यक्रम अन्तर्गत **साक्षर नेपाल अभियान** सञ्चालनका लागि साक्षर घोषणा हुन बाँकी स्थानीय तहमा साक्षरताका कार्यक्रमहरु सञ्चालन गरी साक्षर स्थानीय तह घोषणा कार्यक्रम सञ्चालन गर्न स्थानीय तहहरुलाई **साझेदारीमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम** अन्तर्गत देहाय वमोजिम प्रस्तावना आव्हान गरिएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

**प्रस्तावनामा पेश गर्नुपर्ने विवरणहरु**

क. गाँउपालिका/नगरपालिकाहरुले आफ्नो क्षेत्रभित्रका तोकिएको उमेर समुहका निरक्षरहरुको संख्या र सञ्चालन गर्नुपर्ने कक्षाको विवरण,

ख. साक्षर बनाउनको लागि स्रोत व्यवस्थापन सहितको प्रतिवद्धता र कार्ययोजना,

ग. स्थानीय तहको प्रमुखको संयोजकत्वमा गठन भएको साक्षरता अभियान समितिको साक्षरता कार्यक्रम सञ्चालन र घोषणा सम्वन्धी निर्णय र प्रतिवद्धता,

घ. साक्षरता कार्यक्रम सञ्चालनमा सामुदायिक सिकाइ केन्द्र, विद्यालय र वार्ड कार्यालयहरुको जिम्मेवारी र भूमिका,

ङ. कार्ययोजना पेश गर्दा स्थानीय तहका पदाधिकारीहरुको समयावधि सकिनु अगाडी नै सम्पन्न गर्ने गरी कार्ययोजना निर्माण भएको हुनुपर्नेछ ।

च. प्रस्तावना २०७८ मंसिर मसान्त सम्म यस केन्द्रमा आइपुग्ने गरी पठाउनु पर्नेछ ।

छ. यस केन्द्रवाट स्वीकृत भएका प्रस्तावनाहरुलाई साझेदारीमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम कार्यान्वयन प्रक्रिया,२०७८ बमोजिम अनुदान दिइनेछ ।

ज. यस सम्वन्धमा अन्य केही जानकारी लिनुपर्ने भएमा यस केन्द्रको अनौपचारिक तथा वैकल्पिक शिक्षा शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ ।

२०७८/८/१०

निलकण्ठ ढकाल

निर्देशक